# फेटा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
प्रदेश नं.२, नेपाल
स्थापित २०७३

## एम्बुलेन्स आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशनमिति : (२०७६/११/०७ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणित प्रमाणपत्र, आ. ब. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त **Authorization Letter** को प्रमाणित प्रतिलिपी नियमानुसारको बोलपत्र दस्तुर रु.३०००।- (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थितभई बोलपत्रदर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत बापतको रकम यस कार्यालयको नाममा फेटा स्थित **Golbal IME** बैंकमा रहेको धरौटी खाता नं.ई ५०४०१००००५ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ। यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन। बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७६/०७७ | एम्बुलेन्स (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | २५,०००। |

.................................
प्रमुख प्रशासकिय अधिकृत